महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

# प्रेस विज्ञप्ति ।

आज मिति २०८१ कार्तिक १४ गते माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यू समक्ष महालेखा नियन्त्रक श्री विनोदप्रकाश सिंहले आर्थिक वर्ष २०८०/८१ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण पेश गर्नुभएको छ । उक्त कार्यक्रममा महालेखापरीक्षकको कार्यालयको उपमहालेखापरीक्षक, नायव महालेखापरीक्षक लागएतको कर्मचारी तथा महालेखा नियन्त्रकको कार्यालयका उच्च व्यवस्थापन तहका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ तथा नियमावली, २०७७ को नियम ७५(४) मा भएको व्यवस्था अनुसार संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरु सहितको विवरणहरु समेटिएको केन्द्रीय लेखाको एकीकृत वित्तीय प्रतिवेदन पेश भएको छ । पेश भएको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा संघीय संचित कोष रु.२ खर्व २४ अर्व ९९ करोड १३ लाखले ऋणात्मक रहेको छ । वित्तीय विवरण अनुसार राजस्व संकलनको लक्ष्य रु.१२ खर्व ४७ अर्व ६३ करोड ४२ लाख रहेकोमा रु.९ खर्व ५६ अर्व २६ करोड ५६ लाख मात्र राजस्व संकलन भएको तथा कुल खर्च रु.१३ खर्व ९३ अर्व ३९ करोड ४२ लाख भएको देखिन्छ ।

यस कार्यक्रममा महालेखा नियन्त्रकज्यूले केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण बनाउदा त्रुटीरहित हुने गरी तयार गरिएको व्यहोरा उल्लेख गर्नुभयो । साथै, वहाँले महालेखापरीक्षकको कार्यालयबाट वित्तीय प्रतिवेदनमाथि हुने टिप्पणी आगामी आर्थिक वर्षको लागि आर्थिक कारोबार सञ्चालनार्थ मार्गदर्शन हुने बताउनुभयो। उक्त अवसरमा माननीय महालेखापरीक्षकज्यूले प्राप्त केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरणले राज्यको वित्तीयको चित्रण गर्ने बताउनुहुँदै प्रतिवेदन तयारीमा संलग्न सम्पुर्ण कर्मचारीलाई धन्यवाद दिनुभएको थियो ।

रमेश सुवेदी
निर्देशक/ सहायक प्रवक्ता